# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८२/०८३
चलानी नम्बर : 2066

मितिः २०८३/०१/१०
ने.सं.११४६ बछलाथ्व, सप्तमी

विषयः अन्तर पालिकास्तरीय क्रिकेट प्रतियोगितामा भाग लिन नामावली पेश गर्ने सम्बन्धमा ।

श्री जो जससँग सम्बन्धित छ ।

प्रस्तुत विषयमा छत्रदेव गाउँ कार्यपालिकाको कार्यालय,छत्रगञ्ज, अर्घाखाँचीको च.नं. १०९६, मिति २०८३/०१/०७ गतेको प्राप्त पत्रानुसार छत्रदेव गाउँपालिकाले आयोजना गर्ने अन्तर पालिकास्तरीय क्रिकेट प्रतियोगिता २०८३ मा सहभागी गराइदिने सम्बन्धी पत्र यसैसाथ संलग्न गरिएको छ । उक्त पत्रानुसार खेलमा सहभागी हुन इच्छुक खेलाडी समूहले यस कार्यालयमा मिति २०८३/०१/१६ गतेसम्ममा नागरिकता वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी नामावली पेश गर्नुहुन अनुरोध छ । साथै एकभन्दा बढी समूहको नामावली प्राप्त भएमा आवश्यक प्रक्रिया अनुसार एक मात्र समूहलाई उक्त खेलमा सिफारिस गरिने व्यहोरा समेत अनुरोध छ ।

2083/1/10

..........................
गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द भट्टराई
प्रशासकीय अधिकृत

बोधार्थः
श्री वडा कार्यालय सबै, मालारानी गाउँपालिका (आवश्यक समन्वय तथा जानकारीको लागि)

# छत्रदेव गाउँपालिका
## CHHATRADEV RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

छत्रगञ्ज, अर्घाखाँची
Chhatragunj, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या/Letter No.: २०८२।८३
चलानी नं./Ref. No.: १०९६

मिति:२०८३/०१/०७

श्री सन्धिखर्क नगरपालिका, सन्धिखर्क।
श्री शितगंगा नगरपालिका, ठाडा।
श्री भूमिकास्थान नगरपालिका, नुवाकोट।
श्री पाणिनी गाउँपालिका, दुर्गाफाँट।
श्री मालारानी गाउँपालिका, खनदह।

**विषय: खेलमा सहभागी गराई दिनु हुन।**

प्रस्तुत विषयमा यस गाउँपालिकाद्वारा तपसिलको मिति, समय र स्थानमा सञ्चालन हुने अन्तर पालिका स्तरीय क्रिकेट प्रतियोगिता, २०८३ मा तहाँ नगर/गाउँपालिकाबाट खेलाडीहरुलाई सहभागी गराई दिनुहुन अनुरोध छ। नगर/गाउँपालिकाले खेलाडीहरुको नामावली उल्लेख भएको सिफारिस पत्र मिति २०८३/०१/२१ भित्र कार्यालयमा पेस गर्नु हुन समेत अनुरोध छ।

सहभागीको लागि आवश्यक कागजातहरु:

- सम्पूर्ण सहभागी खेलाडीहरुको नागरिकता/जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि।

खेलका केही नियमहरु:

- खेलमा सहभागी हुने खेलाडीहरु सम्बन्धित नगर/गाउँपालिकाको नागरिक हुनुपर्ने छ।
- खेलमा सहभागी हुने खेलाडीले अनिवार्य जर्सी (जुत्तासमेत) र किटको व्यवस्था स्वयंले गर्नु पर्नेछ।
- खेल लिग चरण अनुसार १६ ओभरमा सिन्थेटिक बलबाट खेलाइनेछ।
- खेलमा १५ जना खेलाडी र १ जना अफिसियल गरी जम्मा १६ जना हुनुपर्नेछ।
- सम्पूर्ण खेल ICC को प्रचलित नियम अनुसार खेलाइनेछ।
- खेलमा कुनै विवाद आएमा अम्पायरको निर्णय नै सर्वमान्य हुनेछ।
- खेलाडीले खाना, बस्नको व्यवस्था स्वयंले गर्नु पर्नेछ।
- खेलाडीको प्राथमिक उपचार वाहेक अन्य स्वास्थ्य सेवा उपलब्ध हुने छैन।

पुरस्कार:

- प्रथम पुरस्कार: करसमेत रु. १ लाख (ट्रफी, मेडल र प्रमाण-पत्र)
- द्वितीय पुरस्कार: करसमेत रु. ६० हजार (ट्रफी, मेडल र प्रमाण-पत्र)
- तृतीय पुरस्कार: करसमेत रु. ४० हजार (ट्रफी, मेडल र प्रमाण-पत्र)
- म्यान अफ द सिरिज: करसमेत रु. ५ हजार (ट्रफी, मेडल र प्रमाण-पत्र)
- इमर्जिङ् प्लेयर, बेस्ट बलर, बेस्ट ब्याट्समेन: (ट्रफी, मेडल र प्रमाण-पत्र)

श्री शिक्षा शाखा
२०८३/१/१०

तपसिल:

मिति: २०८३ वैशाख २८ गतेदेखि
समय: बिहान १०:०० बजेदेखि
स्थान: छत्रदेव रङ्गशाला, छत्रदेव -५, रातापोखरा

मालारानी गाउँपालिका
अर्घाखाँची
दर्ता नं. २५१०
दर्ता २०८३/१/१०

बासुदेव खनाल
प्रमुख प्रशासकीय अधिकृत